# वन अधिकार र रेड प्लस

■ भोला भट्टराई*

नेपालको वन अधिकारको आन्दोलन यतिखेर विश्वव्यापी सवाल र त्यसले उठाएको बहसतर्फ पनि केन्द्रित बन्न पुगेको छ। विश्वव्यापी चुनौती र चासोको रुपमा रहेको जलवायु परिवर्तन र यसको नकारात्मक असरलाई घटाउन र जोखिम सामना गर्नका लागि सुरु भएका ***अनुकुलन र न्यूनीकरण***सम्बन्धी विषयमा विभिन्न तहमा छलफल एवं बहसहरु भइरहेका छन्। हामी पनि हाम्रो वन अधिकारको अभियानसूगै जलवायु परिवर्तन र रेडका सम्बन्धमा छलफल गर्न केन्द्रित हुँदै आएका छौं। त्यसैले वन क्षेत्रमा कार्यरत संघसंस्थाको लागि रेड/रेड प्लस पनि एउटा सवाल बनेको छ। हामीले केही बर्षदेखि यस विषयमा सरकारी तथा अन्य गैर सरकारी निकायसँग गरेको सहकार्यको उपजस्वरुप नेपालमा पनि विश्व बैंकको वन कार्बन साझेदारी कार्यक्रम सञ्चालन हुने निश्चित भएको छ। स्थानीय तहमा समेत यस विषयलाई चासो र अर्थपूर्ण रुपमा हेरिएको छ।

यस लेखमा खासगरी ***वन अधिकारको सन्दर्भमा रेडको भूमिकाको बारे*** उजागर गर्ने जमर्को गरिएको छ। नेपालको वन व्यवस्थापनलाई नियाल्ने हो भने अत्यन्त न्यून वन क्षेत्रमात्र समुदायले व्यवस्थापन गरेको छ भने अझै पनि वन क्षेत्रको ठूलो हिस्सा सरकारी नियन्त्रणमा नै छ। सरकारी नियन्त्रणमा रहेको वन क्षेत्रमाथि स्थानीय आदिवासी जनजाति तथा वनमा आश्रित समुदायले व्यवस्थापनको अधिकार खोजी रहेको भएता पनि सरकारले यस्तो वन क्षेत्रलाई सामुदायिकीकरण गर्न चाहिरहेको छैन। यद्यपि, नेपालमा समुदायमा आधारित विभिन्न वन व्यवस्थापन समूहको सक्रियताको कारण वनको विनाश र क्षति न्यूनीकरणमा टेवा पुगेको तथा पुनरुत्पादनमा राम्रो उपलब्धी हासिल भएको कुरा अध्ययनहरुले पुष्टि गरेका छन्। अर्कोतर्फ सरकारनियन्त्रित वन क्षेत्रको विनाशको दरमा कमी नआउनुले वन क्षेत्रमाथिको अधिकार समुदायलाई दिनुको विकल्प नभएको स्पष्ट नै छ।

***रेड प्लस*** वनको विनाश र क्षति न्यून गर्दै कार्बन उत्सर्जन घटाउनको लागि जलवाय परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धिअन्तर्गत छलफल भइरहेको एउटा महत्वपूर्ण संरचना र कार्यक्रम हो। यस विषयमा भइरहेको छलफल एवं वार्ताले अझै अन्तिम रुप लिन भने सकिरहेको छैन। तर विभिन्न विकासोन्मुख देशहरुमा यस कार्यक्रमको प्रयोगात्मक अभ्यासको थालनी भने भइसकेको छ। रेड प्लसमा वन जोगाउने विषयको साथमा वन जोगाएबापत प्राप्त गरिने सेवा बापत थप क्षतिपूर्तिसमेत प्राप्त गर्न सकिने भएकोले नै रेड विशेष महत्वको विषय बनेको हो। हामीले जोगाएको वनले शोषण गर्ने कार्बन डाइअक्साइड लगायतका ग्यासको कारणले रुख बिरुवामा कार्बनको मात्रा बढ्दै जाने र यसले जलवायु परिवर्तन न्यूनिकरणमा महत्वपूर्ण योगदान गर्ने भएकोले कार्बन व्यापार गर्न सकिने भएको हुँदा वनको कार्बन व्यापार र रेड प्लसको विषयलाई चासो पूर्वक हेरिएको छ। यस सन्दर्भमा केही महत्वपूर्ण विषयमा निम्न छलफल गरिएको छ-

## वन कार्बन व्यापारले वन अधिकारको सुनिश्चितता गर्न सक्छ वा सक्दैन ?

व्यापार भन्ने वित्तिकै नाफासँग जोडिएको हुन्छ । हामीले चर्चा गरेको वन कार्बन व्यापार पनि लगानी गर्नेले धेरै नाफा लिन सक्ने विषय हो । यद्यपि, वन भनेको व्यापारिक वस्तु मात्रै होइन । हामीले वनलाई वस्तुको साथसाथै त्यसबाट अन्य थुप्रै वातावरणीय सेवा पनि ग्रहण गरिरहेका छौं । वन र मानिस बीच सामाजिक, सांस्कृतिक, पर्यावरणीय, राजनैतिक र आर्थिक सम्बन्ध जोडिएको हुन्छ । त्यसैले रेड प्लस मार्फत हाम्रो वनको कार्बन व्यापार गरिरहदा वनमाथिको स्थानीय समुदायको अधिकार कुन-कुन अवस्थामा कमजोर बन्न सक्छ ? हामीले वन अधिकारको सुनिश्चिताको लागि के गर्नुपर्दछ भन्ने विषयमा यहाँ चर्चा गरिएको छ-

## वन अधिकार कमजोर बन्न सक्ने सम्भावना

रेड प्लसका लागि नेपालका थुपै विद्यमान नीति तथा कानुनहरु संशोधन वा नयाँ निर्माण गर्नुपर्ने अवस्था छ । यी नीति तथा कूाननहरु निर्माणमा हामीले ध्यान दिन सकेनौ भने वन अधिकार खोसिन सक्ने सम्भावना छ । हाम्रा नीति तथा कानुन निर्माण प्रक्रिया समावेशी र खुल्ला नभएको कारण समुदायको हित अनुकूल कानुन निर्माण भएनन् भने समुदायको वन अधिकार कमजोर हुन जान्छ । अर्कोतर्फ, हाम्रा नागरिक सङ्गठनहरुमा यस विषयमा स्पष्ट अवधारणाहरुको अभाव तथा सवालगत भन्दा पनि व्यक्तिगत स्वार्थबाट प्रभावित हुने भएकोले त्यसवेला नागरिकका आवाज बुलन्द हुन सक्दैनन् । यसका लागि निजी क्षेत्र, सरकारी र सामुदायिक क्षेत्रको सहमति र सहकार्य जरुरी हुन्छ । यी तीनवटा निकायबीचको शक्ति सन्तुलनको अभावमा हाम्रा नीति तथा कानुन निष्प्रभावी बन्न सक्ने डर हुन्छ ।

## वन अधिकारको लागि पूर्व सर्तको प्रस्तुति

रेड प्लस कार्यक्रम कार्यान्वयन हुनुअघि हामीले नागरिकका तर्फबाट नेपाल सरकार तथा कतिपय निजी क्षेत्रका निकायसमक्ष सर्तहरु समेत राख्नुपर्ने हुन्छ, ती सर्तहरुको पूर्ण पालनाबिना रेड गतिविधी सञ्चालन हुनु हुँदैन । नेपालको सन्दर्भमा नेपाल आदिवासी-जनजाति महासंघ तथा रेड प्लसको क्षेत्रमा कार्यरत नागरिक समाजहरुको गठबन्धनले आफ्ना सर्त तथा अवधारणाहरु सार्वजनिक गरिसकेको छ । रेड कार्यक्रममा यी अवधारणालाई अक्षरशः पालना गराउने तर्फ लाग्नु आवश्यक छ । यी अवधारणाहरुलाई अनुसूची १ र २ मा राखिएको छ ।

यसैगरी अन्तर्राष्ट्रिय क्षेत्रमा पनि समुदायको वन अधिकारको सुनिश्चितताको लागि थुप्रै अभियानहरु सञ्चालन भई रहेका छन् । विश्वका विभिन्न संघ, संस्था तथा सरकारी प्रतिनिधिहरु सम्मिलित कार्यदलले रेड प्लससँग सम्बन्धित विभिन्न सामाजिक र वातावरणीय मापदण्डहरु बनाउन सुरु गरेको छ । यस अन्तर्गत रेड प्लस कार्यक्रम सुरु गर्नु पूर्व ध्यान पुऱ्याउनुपर्ने सामाजिक एवं वातावरणीय विषयवस्तुहरु एवं रेड कार्यान्वयनको अवधिमा स्थानीय एवं आदिवासी समुदायको अधिकार स्थापनाको लागि ध्यान दिनुपर्ने कुराहरु समेटिएको छ । यस विषयमा विभिन्न तहमा परीक्षण कार्यक्रम सञ्चालन गर्न हाल नेपाल लगायत ६ वटा देशका सरकार तथा वनसम्बन्धी नागरिक समाज क्रियासील रहेका छन् । यस प्रयासअन्तर्गत रेड प्लस कार्यक्रममा पालना हुनुपर्ने वन अधिकारका लागि विभिन्न सिद्धान्त, आधार र सूचकांकहरु निर्माण भएका छन् । यस्ता प्रयासहरुका माध्यमबाट रेड प्लस कार्यक्रमलाई वन अधिकारको सुनिश्चितता गर्नेतर्फ लैजान सकिन्छ । यस किसिमको सिद्धान्त, आधार र सूचकांकहरु निर्माणका लागि अन्तर्राष्ट्रिय तहमा गठन भएको

कार्यसमूहमा नेपालको सरकारी निकाय र नागरिक समाजका प्रतिनिधिहरुबाट पनि योगदान पुऱ्याउने कार्य भएको छ। रेड प्लसको सन्दर्भमा यसरी विकास गरिएका सामाजिक तथा वातावरणीय मापदण्डहरु अनुसूची ३ मा रहेका छन् :

## रेड प्लसबाट वन अधिकारमा आउन सक्ने चुनौती के हुन् ?

राष्ट्रिय र अन्तर्राष्ट्रिय तहबाटै समुदायको वन अधिकारको लागि केही पहलहरु सुरु भएका छन्। यद्यपि, ती पहलहरु मात्रैले पनि अधिकारको विषयलाई सुनिश्चितता प्रदान गर्दछ भन्ने कुरामा ढुक्क हुनु हुँदैन। किनकि रेड प्लसको विषय अन्य वन व्यवस्थापन गर्ने विषयभन्दा जटिल छ। यसको प्राविधिक पक्ष जति जटिल, महङ्गो र अस्पष्ट छ, त्यही विषय नै हाम्रो लागि चुनौती बन्न जाने छ। रेड प्लसको मापन, प्रतिवेदन र अनुगमन / प्रमाणीकरण कार्यले गर्दा आउन सक्ने चुनौतीको हामीले आँकलन सम्ममात्रै पनि गर्न सकेका छैनौं। अर्को तर्फ वनको कार्बन बजारले राख्ने सर्तहरु हामीले पूरा गर्न सक्ने/नसक्ने कुराले पनि जटिलता थप्ने छ।

हामीले अगाडि सारेको स्वतन्त्रपूर्वकको, पूर्व सूचित सहमति (Free Prior and Informed Consent) को कार्यान्वयन आफैमा अर्को जटिल प्रक्रिया हो। यी सबै कुराको सम्बोधनविना रेड कार्यान्वयन गऱ्यौं भने भविष्यमा आउन सक्ने समस्या हामीले थेग्न सक्दैनौं।

## सामुदायिक वनको अस्तित्वमाथिको प्रश्न

हामीले अत्यन्त सफल मानेको सामुदायिक वनको हैसियतलाई रेड प्लसले कमजोर पार्न सक्ने अवस्था पनि छ। हामीले साना-साना क्षेत्रफलको वन स-साना समूह बनाई व्यवस्थापन गर्दै आएका छौं। तर भोलि रेडको लागि त्यो सानो स्तरमा कार्बन मापन गर्न सक्दैनौं। सानो स्केलमा गर्ने हो भने लगानीको भार बढ्न जान्छ र लाभको हिस्सा घट्दै जान्छ। अर्कोतर्फ, सामुदायिक वनमा पाएको अधिकार विभिन्न वहानामा खोसिन सक्ने सम्भावना पनि छ। जस्तै : कतिपय अवस्थामा वन जोगाउने नाममा सामुदायिक वनको सट्टा राज्य नियन्त्रित वन व्यवस्थापन लाद्ने प्रयास हुनसक्छ भने स-साना वन उपभोक्ता समूहलाई एउटै ठूलो समूह बनाउने कारणले सानो स्तरमा अभ्यास भइरहेको सहभागितामूलक लोकतान्त्रिक प्रक्रिया जटिल बन्दै जान सक्छ।

## तराई वनमा रेडको सम्भावना र चुनौती

वनको क्षति र विनाशको दरलाई हेर्ने हो भने रेड प्लस कार्यान्वयनको लागि उत्तम ठाउँ भनेको तराई नै हो। अर्कोतर्फ, तराईका आम नागरिक यतिवेला वन संरक्षण अभियानमा जुट्ने जमर्को पनि गरिरहेका छन्। समुदायमा आधारित वन व्यवस्थापन मध्ये सामुदायिक र साझेदारी वनमा आबद्ध हुँदै उनीहरुले वन संरक्षण सुरु गरेका छन्। प्रत्येक दिन भई रहेको वन माथिको अतिक्रमण रोक्न पनि हामीले तराईमा रेड प्लस कार्यक्रम लागू गर्नु पर्दछ। रेडकै माध्यमबाट तराईको वन क्षेत्र समुदायलाई हस्तान्तरण गर्नुपर्दछ। यही माध्यमबाटै तराईको वन विनाश रोक्न सकिन्छ। रेड कार्यान्वयन पूर्व हामीले स्थानीय समुदाय, आदिवासी जनजाति एवं वनमा आश्रित समुदायको वनमाथिको अधिकार सुनिश्चित गर्नुपर्दछ। तराईमा हस्तान्तरण हुन नसकेका वन क्षेत्रहरुलाई सामुदायिकीकरण गर्न हामीले यस अवसरलाई उपयोग गर्नुपर्दछ। वनमाथि समुदायको पहुच र नियन्त्रण बढाई वन विनाशलाई रोक्ने यो एउटा अवसर पनि हो।

तराईको वनमा विगत केही समयदेखि विवादहरु कायमै छन् । तराईको दक्षिण भेगका उपभोक्ताले वन पैदावार उपभोग गर्न नपाएको गुनासो गर्दै आएका छन् । केही व्यक्ति तथा संघ-संस्थाले तराईको वनलाई नजिकका उपभोक्ताको मात्रै अधिकारको रुपमा स्थापित गर्न चाहेका थिए तर आज यो विषय एक किसिमले किनारा लागिसकेको छ । यसै गरी, तराईको वन समूहलाई दिन नचाहने कर्मचारीतन्त्र, तराईको बनबाट ब्रम्हलुट गर्न पल्किएकाहरु र केही राजनैतिक पार्टीका खोल ओढेका नागरिक समाजका प्रतिनिधीहरु समेत तराईवासीको वन अधिकारको अभियानको विपक्षमा देखिएका छन् र देखिन सक्छन् । तराईको वन अधिकार अभियानको नाममा वैदेशिक सहयोग ल्याउने र त्यसमा रजाइ गर्नेहरुलाई अब तराईवासीले खोजी-खोजी कारवाही गर्नुपर्दछ । कतिपय वेला यिनीहरु नै तराईमा रेड प्लसको सम्भावनालाई कमजोर बनाउन लागि पर्न सक्ने सम्भावनालाई पनि तराईवासी समुदायले विचार पुऱ्याउनुपर्ने हुन्छ ।

## तराई वन अधिकारको लागि नयाँ अभियानको खाँचो

तराईवासीहरु यतिवेला साझेदारी वन कार्यक्रमको गुणगान गाउन थालेका छन् । राजनैतिक तहदेखि गाउँ तहसम्म नै साझेदारी वनको कुरा सुन्न पाइन्छ भने साझेदारी वन उपभोक्ता महासंघले काठमाडौंमा आयोजना गरेको गोष्ठीमा प्रस्तुत गरेका सवालहरु सुन्दा तराईको वन व्यवस्थापनमा साझेदारी वनको सफलता उल्लेखनीय नै मान्नु पर्दछ । अर्कोतर्फ, तराईमा रहेको सामुदायिक वनका उपभोक्ता समूहहरुले पनि स-साना क्षेत्रफलका वनको संरक्षणमा उल्लेखनीय भूमिका निर्वाह गरेका छन् । यद्यपि, जति पनि समूहले वन माग गरिरहेका छन् त्यति भने उनीहरुले पाउन सकेका छैनन् ।

उत्पादनशील र घना क्षेत्र भएको तराई वनको संरक्षण र व्यवस्थापन आजको आवश्यकता हो । यद्यपि, हाल भइरहेको गतिविधीले तराईको वन संरक्षणमा प्रभावकारी भूमिका खेल्न सकेको छैन । केही गैर-सरकारी क्षेत्रबाट जाने ठूलो धनराशि व्यक्ति मोटाउने कार्यमा मात्र सीमित छ भने सरकारी रवैया जनउत्तरदायी वन्न सकेको छैन । यस्तो अवस्थामा तराईको वन व्यवस्थापनको लागि नयाँ गन्तव्य निर्धारण गर्दै नयाँ सोच र संरचनाको माध्यमबाट वन व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

## रेड प्लस, वन अधिकार र संरचनागत सुधार

रेड प्लस कार्यान्वयनका लागि वनको थुप्रै संरचनागत सुधार जरुरी छ । वन क्षेत्रको संरचनागत सुधारसँगसँगै ती संरचनाहरुले वनमाथिको सामुदायिक अधिकारसमेतलाई ध्यान पुऱ्याएको हुनुपर्दछ । रेडको कार्यान्वयनको लागि गाउँ तहदेखि अन्तर्राष्ट्रिय स्तरसम्म नै नयाँ संरचना जरुरी पर्दछ । भइरहेका केही संरचनाहरु पनि यस कार्यको लागि उपर्युक्त हुन सक्दछन् तर ती संरचनामा समेत आमूल परिवर्तन जरुरी हुन्छ । ग्रामिण तहमा वनको संरक्षण गर्ने, वनको मापन, अनुगमन र आवधिक प्रतिवेदन तयार गर्ने जिम्मेवारी स्थानीय तहको वन उपभोक्ता समूहको हुन्छ भने त्यसपछि सामान्यतः बहुसरोकारवाला स्थानीय नेटवर्कहरु यस कार्यको लागि जरुरी हुन्छन् । हामीले देखेका छौं, कतिपय सरकारी कार्यालयहरु यस कामको सहजीकरणका लागि उपर्युक्त हुन सक्दछन् तर शासकीय स्वरुप र संरचनाको हिसाबले बहुसरोकारवाला निकाय नै उत्कृष्ट हुन सक्दछन् ।

रेडका सन्दर्भमा हामीले अरु थुप्रै नयाँ खाले जिम्मेवारी निर्वाह गर्ने संरचनाहरुको जरुरी महसुस गरेका छौं । प्रथमतः रेडलाई सहजीकरण गर्ने सरकारी तथा गैर सरकारी निकायहरुको आवश्यकता छ भने प्राविधिक हिसाबले सेवा प्रदान गर्ने सेवा-प्रदायकको जरुरत छ । रेडका सन्दर्भमा सञ्चार क्षेत्रको भूमिका महत्वपूर्ण हुन आउँछ । यद्यपि, वनमा विशेषज्ञता प्राप्त सञ्चार गृहको अभाव हामीमा खड्किएको छ ।

रेडमा ***वन कार्वन*** वापत प्राप्त हुने भुक्तानीको व्यवस्थापन एक महत्वपूर्ण कार्य हो । यद्यपि, यस कार्यको लागि पनि हामीले कोष व्यवस्थापन गर्न दख्खल भएका संस्थाहरुको उपयोग गर्नुपर्दछ । भुक्तानी, भुक्तानी अनुगमन र लेखा व्यवस्थापनको साथमा दोहोरो लेखा प्रतिवेदनको व्यवस्थापन जरुरी पर्दछ । कार्बनको मापन, तथ्यांक केन्द्र, वन कार्बन कोष जस्ता संरचना र तिनीहरुको भूमिकालाई पनि हामीले तयारी गर्दै अगाडि बढ्नुपर्दछ ।

रेडका सन्दर्भमा नयाँ नयाँ नीति तथा कार्यक्रम अगाडि बढाउन आवश्यक हुन्छ । नीतिगत वकालतका लागि यस क्षेत्रमा विशेषज्ञता हासिल गरेका व्यक्ति तथा संघ-संस्थाको एक्लो प्रयासले मात्र जनअधिकार स्थापनाको लागि पैरवी गर्न सम्भव छैन । त्यसैले यस कार्यको लागि व्यक्तिगत क्षमता तथा यस क्षेत्रमा क्रियाशील संघसंस्थाको तर्फबाट साझा गठनबन्धन निर्माण गरी पैरवी अभियान संचालन गर्नुपर्दछ ।

नेपालमा रेड प्लस अभियान अगाडि बढाउन थुप्रै संघसंस्थाहरु क्रियाशील भएका छन् । यिनै संघसंस्थाको सहभागितामा नेपालमा एक गठबन्धन पनि निर्माण भएको छ । रेडका बारेमा सूचना आदान-प्रदान, क्षमता अभिबृद्धि, प्रचार सामग्रीको उत्पादन, अनुसन्धान, प्रकाशन र वितरण एवं नीतिगत पैरवी अभियानको लागि यो गठबन्धनलाई अझ बढी बलियो र जनउत्तरदायी बनाउनुपर्ने देखिन्छ ।

## रेडको सन्दर्भ र वन अधिकारका जल्दाबल्दा सवालहरु

रेडको बहससँगै वन अधिकारका विविध सवालहरु चर्चामा रहेका छन् । खासगरी रेड प्लस प्रक्रियामा उठेका प्रमुख सवालहरु निम्न बमोजिम रहेका छन्-

### समावेशीकरणको सवाल

नेपालको वन क्षेत्र बढीभन्दा बढी समावेशीय बनाउन जरुरी छ । रेडको सन्दर्भमा पनि रेड प्रक्रियालाई बढीभन्दा बढी समावेशीय बनाउनुपर्ने देखिन्छ । रेडसँग सम्बन्धित सरकारी स्तरमा बनेको कार्य समूह तथा कार्यक्रम कार्यान्वयनमा समेत सन्तुलित र समावेशीय पद्धतिबाट रेडलाई अगाडि बढाउनुपर्ने देखिन्छ ।

### वन क्षेत्रमाथिको सार्वभौम अधिकारको सवाल

वन व्यवस्थापनको सन्दर्भमा आदिवासी-जनजाति तथा स्थानीय समुदाय भनेका वनका मालिक हुन् । वन क्षेत्रमाथिको सार्वभौम अधिकार उनीहरुको हुनुपर्दछ । यदि त्यो अधिकारको सुनिश्चितता भएन भने रेड कार्यक्रम पनि सफल हुन सक्दैन ।

### स्वतन्त्रपूर्वकको पूर्वसुचित सहित (Free, Prior and inform Consent-FPIC)

रेड कार्यान्वयन पूर्व रेडको पूर्ण रुपमा जानकारी पाउनुपर्दछ । त्यसबारे हुन्छ वा हुँदैन भन्ने अधिकार स्थानीय समुदाय र आदिवासी जनजातिलाई मात्र हने हूदा FPIC कार्यान्वयन अगाडि यस विषयको कार्यान्वयनको लागि राम्रो पूर्व तयारीको जरुरी हुन्छ ।

### मापन, प्रतिवेदन र प्रमाणीकरण

रेडको सन्दर्भमा अर्को चुनौतीपूर्ण विषय भनेको कार्बनको मापन, तथ्यांक विश्लेषण, प्रतिवेदन तयारी र वितरण एवं कामको परीक्षण र प्रमाणीकरण कार्य हो । यो कामलाई रेडको सन्दर्भमा जुन महत्व दिईएको छ, त्यसबाट के स्पष्ट हुन्छ भने ***रेड बढी प्राविधिक बन्नेछ र प्राविधिक केन्द्रित बन्दै फाइदा पनि स्थानीय समुदायलाई भन्दा प्राविधिकहरुलाई हुन जाने खतरा छ***। वन जोगाउने गाउँले तर रेडको फाइदा पाउने प्राविधिकहरु मात्रै हुने डर भएकोले स्थानीय समुदायले भन्न थालेका छन् ***काम गर्ने कालु मकै खाने भालु हुने त होइन, रेड ?***

### अन्यौलपूर्ण बजारमा हावाको व्यापार

रेड कार्बनको लागि वजारको अवस्था हालसम्म अन्यौलपूर्ण नै छ । अन्यौल, अन्यौलका बीच हामी हावाको व्यापार गर्ने तयारीमा छौं । कतै यो व्यापारले

हावा खाने त होइन भन्ने चिन्ता पनि प्रकट भईहरेका छन् । केता को हो ? कसरी सकिन्छ ? कति पैसामा किन्ने-बेच्ने हुन्छ ? अझै पनि परिस्थिति अन्यौलपूर्ण नै छ ।

## सरकारी स्तरको वार्ता, अनिर्णयको बन्दी

रेडको चर्चासँगै संयुक्त राष्ट्रसंघको जलवायु परिवर्तन महासन्धिका विभिन्न मस्यौदामध्ये छलफलमा केही अगाडि बढेको विषय रेड प्लस नै हो । यद्यापी कोपनहेगनमा सम्पन्न Cop 15 मा यस विषयमा बाध्यकारी कानुन निर्णय होला भन्ने आशा सबैले गरेको भएपनि यस विषयलाई टुङ्गो लगाउन Cop 16 वा Cop 17 नै पर्खिनुपर्ने पो हो कि भन्ने शंका रहेको छ ।

अन्त्यमा, रेडको विषय अत्यन्त गम्भीर सवालको रुपमा उठेको छ । यस विषयलाई वन अधिकारको आन्दोलनसँग दाँजेर हामीले हेर्नुपर्दछ । अधिकार वेगरको रेड समुदायले स्वीकार्ने छैनन् । No Right No REDD को अभियान अगाडि बढीरहेको सन्दर्भममा हामीले अधिकारसहितको रेडको वकालत गरिरहेका छौं । नेपालमा पनि रेडका सन्दर्भमा बहस र छलफल निकै अगाडि बढेको भए तापनि यी बहसहरु परियोजनामुखी मात्र भएकाले सामाजिक-राजनैतिक मान्यता पाउन सकिराखेको छैन । त्यसैले त्यस विषयलाई गाउँतहसम्म पुऱ्याउने कार्यमा रेडको क्षेत्रमा कार्यरत संघ संस्थाहरुले सक्रियतापूर्वक भूमिका निर्वाह गर्नुपर्दछ । स्थानीय र राष्ट्रिय सवाललाई जलवायु न्यायका हिसाबले उठान गर्न गठित क्षेत्रीय रेड नेटवर्क तथा अन्तर्राष्ट्रिय सञ्जालहरुमा समेत दह्रो र तर्कसंगत विषयको उठान गर्ने दायित्व नागरिक सञ्जालहरुको हो ।

**बक्स १**

### *जलवायु परिवर्तन र वन क्षेत्रको फडानी तथा वन विनाशका कारण हुने कार्बन उत्सर्जनको कटौती (रेड) सम्बन्धमा नेपाल आदिवासी जनजाति महासंघको अवधारणापत्र*

नेपाल सरकारले आदिवासी जनजातिको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) को महासन्धि नं. १६९ को अनुमोदन र आदिवासी जनजातिहरुको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको पक्षमा मतदान गरेकोलाई ध्यान दिंदै,जलवायु परिवर्तनका सम्बन्धमा आदिवासी जनजातिहरुको अन्तर्राष्ट्रिय मञ्चले सन २००९ मा अमेरिकाको एन्कोरेजमा विश्व सम्मेलनले जारी गरेको एन्कोरेज घोषणापत्रलाई आत्मसात् गर्दै, प्रकृतिसँग प्रत्यक्ष रुपमा अन्योन्याश्रित सम्बन्ध र सरोकार राख्ने समुदाय हामी आदिवासी जनजातिहरु भएको कुरालाई मनन गर्दै, नेपालका आदिवासी जनजातिहरुले विगतदेखि हालसम्म गर्दै आएको संघर्षमा प्रष्फुटन भएका आत्मनिर्णयको अधिकार, प्राकृतिक स्रोत साधनमाथिको अग्राधिकार, भूमिमाथिको स्वामित्व र नियन्त्रणलगायतका हाम्रा माग-दावीहरुलाई मध्यनजर गर्दै,नेपाल आदिवासी जनजाति महासंघ जलवायु परिवर्तन र वन क्षेत्रको फूडानी तथा विनाशबाट हुने कार्बन उत्सर्जन कटौती (रेड) सम्बन्धमा निम्न विषयहरुलाई न्यूनतम् अवधारणाका रुपमा घोषणा गर्दछ-

१. जलवायु परिवर्तन र रेडका सम्बन्धमा राज्यले बनाउने जुनसुकै नीति, योजना तथा कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन र मूल्यांकन कार्यमा आइएलओ महासन्धि नं. १६९ र आदिवासी जनजातिहरुको अधिकारसम्बन्धी राष्ट्रसंघीय घोषणापत्रले प्रत्याभूत गरेको आदिवासी जनजातिहरुको जल, जमिन, जंगल र खानीमाथिको स्वामित्व र नियन्त्रणको अधिकारहरुलाई संवैधानिक, कानुनी र प्रशासनिक सुनिश्चितता हुनुपर्दछ ।

२. राज्यले जलवायु परिवर्तन र रेडसँग सम्बन्धित जुनसुकै नीति, योजना तथा कार्यक्रमको तर्जुमा,

कार्यान्वयन र मूल्यांकन कार्यमा आदिवासी जनजातिको आत्मनिर्णयको अधिकारलाई मान्यता दिइनुपर्दछ ।

३. राज्यले गर्ने जलवायु परिवर्तन र रेडसम्बन्धी नीति, योजना तथा कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन र मूल्यांकन कार्यमा आदिवासी जनजातिहरुको स्वतन्त्र, पूर्वसुसूचित सहमतिलाई सुनिश्चित गरिनुपर्दछ ।

४. राज्यले जलवायु परिवर्तन र रेडसँग सम्बन्धित नीति, योजना तथा कार्यक्रमहरु बनाउँदा, कार्यान्वयन गर्दा र मूल्यांकन कार्यहरुमा आदिवासी जनजातिहरुको पुर्ख्यौली भूमि, वन तथा अन्य प्राकृतिक स्रोतहरुसँग अन्योन्याश्रित सम्बन्धका साथै परम्परागत ज्ञान, सिप, रीतिरिवाज, प्रथाजनित न्यायिक व्यवस्थाको प्रयोग र संस्कृतिलाई संवैधानिक र कानुनी मान्यता दिइनु पर्दछ ।

५. राज्यले जलवायु परिर्वन र रेडसूग सम्बन्धित जुनसुकै नीति, योजना तथा कार्यक्रम बनाउँदा, कार्यान्वयन गर्दा र मूल्यांकनमा आदिवासी जनजातिहरुको पूर्ण र प्रभावकारी सहभागिताको व्यवस्था सुनिश्चित गरिनु पर्दछ ।

६. राज्यले वन फडानी तथा वन क्षेत्रको विनाश रोक्ने जुनसुकै नीति, योजना तथा कार्यक्रम लागू गर्दा वन संरक्षण तथा व्यवस्थापनसम्बन्धी आदिवासी जनजातिहरुको परम्परागत प्रणालीलाई मान्यता दिइनु पर्दछ ।

७. जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण र अनुकूलनका लागि रेडको उपयोग कार्बन व्यापारसँग सम्बन्धित भएकोले वन-जंगलभित्रको कार्बन भण्डारको व्यापार गर्ने वा नगर्ने तथा के, कसरी गर्ने भन्ने सम्बन्धमा निर्णय गर्ने अधिकार आदिवासी जनजातिहरुसँग रहने व्यवस्था गरिनु पर्दछ ।

८. राज्यले जलवायु परिवर्तन र रेडसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन र मूल्यांकन कार्यहरु गर्दा आदिवासी जनजातिहरुको परम्परागत ज्ञान र सिपमा आधारित प्रविधिमा उनीहरुको स्वतः (Patent Rights) कायम हुनेगरी संरक्षण, संबर्द्धन र विकास गरिनुपर्दछ ।

९. जलवायु परिवर्तनको पहिलो असर आदिवासी जनजातिहरुलाई पर्ने भएकोले हाम्रो परम्परागत जीवन पद्धति, जीविकोपार्जन, स्वास्थ्य उपचार प्रणाली आदिमा व्यापक रुपमा असर गर्ने भएकोले सोलाई सम्बोधन गर्नका लागि राज्यले आदिवासी जनजातिहरुको परम्परागत जीवन पद्धति अनुकूल हुने गरी विशेष व्यवस्था गर्नुपर्दछ ।

१०. जलवायु परिवर्तनको प्रभावका रुपमा देखिएको आवासन र आप्रवासनले आदिवासी जनजातिको पहिचान र जीवन पद्धतिमा पार्ने नकारात्मक प्रभावहरुलाई रोक्नका लागि राज्यले विशेष उपायहरु अवलम्वन गर्नुपर्दछ ।

११. राज्यले जलवायु परिवर्तन र रेडसँग सम्बन्धित नीति तथा कार्यक्रमहरु तर्जुमा गर्दा, कार्यान्वयन गर्दा र मूल्यांकन कार्यमा आदिवासी जनजाति महिलाहरु तथा बालबालिकाहरुलाई सबैभन्दा बढी प्रभाव पार्ने कुरालाई मान्यता दिई महिला र बालबालिकाको प्रभावकारी सहभागितालाई सुनिश्चित गरिनु पर्दछ ।

१२. जलवायु परिवर्तनका कारण हिमताल फुटेर, बाढी पहिरो तथा सुख्खालगायतका प्रभावबाट हिमाल, पहाड र तराईका बासिन्दालाई जोगाउन सरकारले तत्काल विशेष उपायहरु अवलम्बन गर्नुपर्दछ ।

१३. जलवायु परिवर्तनको प्रभावबाट तत्काल जोखिममा पर्नसक्ने आदिवासी जनजाति समुदायहरुको पहिचान गरी त्यस्ता समुदायहरुलाई जलवायु परिवर्तनबाट प्रभावित पहिलो समुदाय घोषणा गरी प्रभाव न्यूनीकरण र अनुकूलनको विशेष वैकल्पिक कार्यक्रममा लागू गर्नु पर्दछ ।

१४. विश्वको सर्वोच्च शिखर सगरमाथालगायतका हिमालहरुको हिउ पग्लिंदा, हिमनदी सुक्ने, हिमताल फुट्ने जस्ता प्रभावबाट प्रत्यक्ष प्रभावित समुदाय नेपालका आदिवासी जनजाति समुदाय हुन् भनी विश्व समुदायको ध्यानाकर्षण गर्दछ ।

**बक्स २**

***रेड प्लसका लागि नागरिक समाजको अवधारणा-पत्र***

१) जलवायु परिवर्तन एवं रेड प्लसका सवालहरुमा विदेशी दातृनिकायहरुबाट आर्थिक सहयोग प्राप्त भएपछि मात्र बहस र तदारुकता सुरु हुने प्रवृत्ति देखिएकोले यो प्रक्रियालाई स्वतःस्फूर्त रुपमा अधिकारवाला र सराकोरवालाहरुको सक्रियतामा अभियान चलाउन सक्ने गरी क्षमता अभिबृद्धिको प्रक्रिया अघि बढाउनुपर्ने ।

२) रेड प्लसबाट हुने लाभको बाँडफाँड समन्यायिक सिद्धान्तको आधारमा हुनुपर्ने र जलवायु परिवर्तन एवं रेड प्लसको सवालले कुनै पनि निहुँमा आदिवासी एवं स्थानीय समुदायको जमिनलगायतका वन स्रोतमाथिको हक अधिकारलाई बेवास्ता, कटौती, आघात, कुण्ठित वा हस्तक्षेप गर्न नपाउने ।

३) जलवायु परिवर्तन एवं रेड प्लसको सवालले सहस्राब्दी विकास लक्ष्यले निर्धारण गरेको गरिबी न्यूनीकरण लगायतका विषयहरुलाई ओझेलमा पर्ने सम्भावना देखिएकोले कुनै पनि निहुँमा सहस्राब्दी विकास लक्ष्यले निर्धारण गरेको गरिबी न्यूनीकरणको लक्ष्यलाई छायामा पार्न नदिन नागरिक समाजले सशक्त रुपमा अभियान चलाउनुपर्ने ।

४) अति जोखिममा परेका समुदायको जीविकोपार्जनको सुनिश्चितताका लागि सुशासन र दिगो विकास अपरिहार्य भएको हूँदा जलवायु परिर्वतन एवं रेड प्लसका कार्यक्रम सोहीबमोजिम सञ्चालन गरिनु पर्ने ।

५) रेड प्लससम्बन्धी परीक्षण कार्यक्रम सन्तुलित रुपमा सबै क्षेत्रहरुमा हुनुपर्ने र ग्रामीण क्षेत्रमा रहेका असंगठित समुदाय (खासगरी किसान, पशुपालकहरु) मा जलवायु परिवर्तनसम्बन्धी अनुकूलन र न्यूनीकरणका कार्यक्रमहरुलाई एकीकृत र एक अर्काका परिपूरक कार्यक्रमको रुपमा चलाउनुपर्ने ।

६) जलवायु परिवर्तनका क्षेत्रमा काम गर्नको लागि अनुकूलन तथा न्यूनीकरण दुवै काम गर्ने, सकेसम्म एउटै संयन्त्र हुनुपर्ने, कार्यक्रम पनि एकमुष्ट र परिपूरकको रुपमा सञ्चालन गर्नुपर्ने । यदि संयन्त्र एउटै हुन नसकेमा दुवै संयन्त्रका बीचमा अभिव्यक्त र पारदर्शी किसिमको समन्वय हुनुपर्ने ।

७) जलवायु परिवर्तन न्यूनीकरणमा वनको महत्व कार्बन सञ्चिती एवं उत्सर्जन न्यूनीकरणमा मात्र सीमित नरही सो बाहेक बातावरणीय सेवा, जैविक विविधता, भू तथा जलाधार, पर्यटन आदिसम्म विस्तार हुने भएकोले यस्ता किसिमका फाइदा/लाभका विषयमा समेत स्पष्ट व्यवस्थाहरु गरी सोको लाभ स्थानीय समुदायले पाउने गरी रणनीति र कार्यक्रम बनाइनु पर्ने र यस प्रक्रियामा बहुसरोकारवालाहरुबीच परामर्श गरी अगाडि बढ्ने प्रक्रिया पनि बनाइनुपर्ने ।

८) रेड प्लस कार्यक्रमले वनसम्बन्धी विद्यमान कानुनले समुदायलाई दिएको अधिकारहरुलाई सवल बनाउँदै थप अधिकार पनि उपलब्ध गराउनुपर्ने र समुदायमा आधारित वनमा भएको सबै कार्बनमा सम्बन्धित समुदायको अधिकार हुने कुराको सुनिश्चितताका लागि थप कानुनी व्यवस्था गर्नुपर्ने ।

९) वन क्षेत्रको भू-स्वामित्वलाई स्पष्ट रुपमा किटान गरी आदिवासी एवं स्थानीय समुदायको मातहतमा लैजान बढावा दिनु पर्ने र यसका लागि संविधानमा समुदायको अधिकारलाई पनि व्यक्ति र राज्यको अधिकारसरह उल्लेख हुनुपर्ने । यसका लागि नागरिक समाजले पनि यथार्थपरक भूमिका निर्वाह गर्दै वकालत गर्नु गर्ने ।

१०) रेड प्लसको रणनीति विकेन्द्रीकरणमा आधारित हुनुपर्ने र रेड प्लसको रणनीति तर्जुमा प्रक्रियामा स्थानीय समुदाय, आदिवासी, जनजाति, दलित, विपन्न, महिला एवं अति जोखिममा परेका समुदायहरुको पूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित गर्नका लागि आवश्यक पर्ने सबै प्रक्रियाहरु अपनाउनु पर्ने र यस कार्यलाई उपलब्धिमूलक बनाउनको लागि नागरिक समाजले पनि स्वतःस्फूर्त रुपमा क्रियाशील हुने ।

११) रेड प्लस र आर.पि.पि. (RPP) का अधिकांश विषयवस्तुलाई अति प्राविधिक विषय बनाएकोले यसबारे कम बुझ्ने अवसर पाएकाहरु स्वतः वञ्चित भएका छन्, त्यसैले यस प्रक्रियामा तर्जुमा गरिने दस्तावेजहरु आदिवासी एवं स्थानीय समुदायले बुझ्ने र सरल भाषामा हुनु पर्ने ।

१२) एमआरभी (MRV) मा कार्बन मापन गर्नेमात्र नभई यो प्रक्रियामा सुशासन र वातावरणीय एवं सामाजिक प्रभावलाई पनि मापन गर्ने कुरा सुनिश्चित गरिनु पर्ने ।

१३) जलवायु परिवर्तन एवं रेड प्लसका सबै दस्तावेजहरु जनमैत्री र आदिवासी समुदायमुखी भाषामा बनाइनु पर्ने, त्यस्तै जलवायु परिवर्तन एवं रेडका विषयमा सबैले बुझ्ने सरल, यथार्थ जानकारी र शुद्ध भाषामा बुझ्ने गरी प्रकाशनहरु हुनुपर्ने र यस्ता प्रकाशनहरुलाई स्थानीय तहमा वितरण गर्नुपर्ने ।

१४) अनुगमन प्रणाली बढी प्राविधिक र जटिल बनाइएकोले यसमा आदिवासी एवं स्थानीय समुदायको सहभागिता निरुत्साहित हुने अवस्था रहेको छ, त्यसैले यसलाई अति सहज बनाई यसमा आदिवासी एवं स्थानीय समुदायको सहभागितालाई सुनिश्चित गरिनु पर्ने र क्षमता विकास गरिनुपर्ने ।

१५) नेपालको रेड रणनीतिले वनविनाश र वनक्षयीकरणको विषय मात्र नभई निजीलगायत सबैखाले वन व्यवस्थापन प्रणालीलाई समेटिनुपर्ने र स्थानीय समुदायलाई वन हस्तान्तरण गर्ने रणनीतिलाई बढावा दिने नीति अवलम्बन गर्नुपर्ने ।

१६) रेड प्लसको प्रक्रियामा आदिवासी एवं स्थानीय समुदायको अधिकारका सन्दर्भमा हालसम्म विकास भएका पूर्ण र प्रभावकारी सहभागिता,पहिचान, FPIC, ILO 169, UNDRIP र अन्य सान्दर्भिक अन्तर्राष्ट्रिय कानुनमा उल्लेखित व्यवस्थाहरुको मान्यता र सम्मान हुने कुरा सुनिश्चित गर्नु पर्ने र यस्ता विषयमा क्षमता अभिबृद्धिका लागि नागरिक समाजले स्वतःस्फूर्त रुपमा अभियान चलाउनुपर्ने ।

१७) जलवायु परिवर्तनका सबै पक्षहरुमा सरोकारवाला एवं अधिकारवालाहरुको आवाज सुनुवाइ हुने पद्धत्तिको विकास र कार्यान्वयन हुनुपर्ने ।(नोट : यो अवधारणपत्र नेपालको वन क्षेत्रमा कार्यरत विभिन्न नागरिक समाजको तर्फबाट करिब १०० जना प्रतिनिधिहरुको २०६६ चैत्र ११ गते काठमाडौंमा भएको भेलाद्वारा तयार पारिएको हो ।)

**बक्स ३**

***रेड प्लस सम्बन्धी सामाजिक एवं वातावरणीय मापदण्डहरु/सिद्धान्तहरु***

१. रेड प्लस कार्यक्रममा भूमि क्षेत्रहरु र स्रोतहरुमाथिको अधिकारलाई मान्यता र सम्मान प्रदान गरिन्छ ।

२. रेड प्लस कार्यक्रमका लाभहरुलाई यसका सबै सम्बन्धित अधिकारवालाहरु र सरोकारवालाहरुका बीच समन्यायीक रुपमा बाँडफाँड गरिन्छ ।

३. रेड प्लस कार्यक्रमले अत्यन्त जोखीममा परेका मानिसहरुलाई समेत विशेष मध्यनजर राख्दै आदिवासी एवं स्थानीयसमुदायको सम्पन्नता

र दीर्घकालीन जीविकोपार्जन सुरक्षामा सुधार गर्दछ।
४. रेड प्लस कार्यक्रमले सुशासनका उद्देश्यहरु र बृहत् किसिमको दीगो विकासमा योगदान गर्दछ।
५. रेड प्लस कार्यक्रममा जैविक विविधता र पर्यावरणीय सेवाको संरक्षण र अभिबृद्धि गरिन्छ।
६. रेड प्लस कार्यक्रममा सबै सम्बन्धित अधिकार र सरोकारवाला पूर्ण र प्रभावकारी रुपमा सहभागी हुन्छन्।
७. रेड प्लस कार्यक्रमको सुशासनको लागि सचेततापूर्ण निर्णय प्रक्रियालाई बलियो बनाउनको लागि सबै अधिकारवाला र सरोकारवालाहरुलाई समयमा नै उपयुक्त र सही सूचनाको पहूच हुन्छ।
८. रेड प्लस कार्यक्रमले स्थानीय एवं राष्ट्रिय सान्दर्भिक कानुन र अन्तराष्ट्रिय सन्धि, महासन्धि र सम्झौताहरुको पालना गर्दछ।

उल्लेखित सिद्धान्तबमोजिम विभिन्न आधारहरु र सूचकांकहरु तय भएका छन्। रेड प्लस कार्यक्रममा अधिकार सुनिश्चितताका लागि यिनै सिद्धान्त, आधार, सूचकांकको प्रयोग गरिनुपर्दछ। विस्तृत जानकारीको लागि www.climate-standards.org/REED मा हेर्न सकिन्छ। ●●●

---

** राष्ट्रिय जनवकालत मंचका संयोजक भट्टराई रेड, बन र जलवायु परिवर्तनका ज्ञाता हुनुहुन्छ।*